गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल
२०७३

# शिक्षा विज्ञको सूचीमा नाम सूचीकृत गर्न निवेदन पेश गर्ने बारेको गैंडाकोट नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाको सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०७६।१।२०)

प्रस्तुत विषयमा यस गैंडाकोट नगरपालिका भित्रको शिक्षाका विभिन्न पक्षहरुमा योगदान गर्न रुची राख्ने, विषय विज्ञको रुपमा काम गर्न आवश्यक समय दिन सक्ने तपसील बमोजिमका योग्यता भएका इच्छुक नेपाली नागरिकले रीतपूर्वक शिक्षा, युवा तथा खेलकूद शाखामा २०७६ जेष्ठ १५ गते भित्र निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

## तपसील

१) अंग्रेजी, विज्ञान, गणित, नेपाली, सामाजिक, कम्प्युटर, शिक्षा, लेखा, अर्थशास्त्र, स्वास्थ्य जनसंख्या तथा वातावरण विषयमा कम्तीमा दोस्रो श्रेणीमा स्नातक/स्नातकोत्तर गरी कम्तीमा १० महिना बराबरको तालिम पूरा गरेको,

२) कम्तीमा १० वर्षको शिक्षण/शिक्षा सेवामा अनुभव र कम्तिमा स्थायी भई निवृत्त शिक्षक/प्राध्यापक/ शिक्षा सेवाका कर्मचारी,

३) सामूहिक वा व्यक्तिगत रुपमा उत्पादनमूलक, खेलकूद, गायन, संगीत, कलाकारिता, ललितकला, पर्यटन, लेखा, चित्रकला तथा सेवामूलक क्षेत्रमा स्वरोजगार वा पेशा व्यवसायमा कम्तीमा ५ वर्ष क्रियाशील रहेको नागरिक ।

४) निवेदन साथ आफ्नो अनुकूल निम्न ढाँचामा विवरण समावेश गर्नु पर्नेछ ।

क) निवेदकको योग्यता

| माथिल्लो शैक्षिक योग्यता | प्राप्त श्रेणी वा ग्रेड | उत्तीर्ण वर्ष |
|---|---|---|
| १) | | |
| २) | | |
| १० महिना वा सो भन्दा बढीको तालिमको विवरण | प्राप्त श्रेणी वा ग्रेड | तालिम पूरा गरेको वर्ष |
| १) | | |
| २) | | |

ख) अनुभव र पेशागत विवरण

| अनुभव भएको विषय क्षेत्र | अनुभव वर्ष र मिति | कार्यरत/निवृत्त | अनुभव कार्यको पदको नाम | अनुभव गरेको कार्यसँग आबद्ध संस्था |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| ४) | | | | |

**(पुनश्चः प्राप्त निवेदन उपर छानबीन गरी सूचीकृत गर्ने अधिकार शिक्षा, युवा तथा खेलकूद शाखामा रहने छ ।)**